**Covid-19 संकट व्यवस्थापन केन्द्र, निर्देशक समिति(CCMC) को ८ औं बैठकका निर्णयहरू**

मितिः२०७७।४।२५,आइतबार

(१) कोभिड-१९ सङ्क्रमणको सक्रिय सङ्क्रमित दुई सयभन्दा बढी भएका जिल्ला र काठमाडौं उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघ-संस्थालगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघ-संस्थाहरूले विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने। यी निकायहरूको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा उपस्थित हुने र अन्य कर्मचारीहरूलाई सुरक्षित रूपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरू गर्ने (Work from Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने। अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने, सेवा प्रवाह र जनशक्ति व्यवस्थापनको जिम्मेवारी DCCMC को समन्वयमा सम्बन्धित कार्यालय प्रमुखको हुने।

(२) मानिसहरूको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को सङ्क्रमण बढ्दै गइरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेलाजस्ता सामूहिक जमघट हुने कार्यहरू नगर्ने/नगराउने।

(३) स्वास्थ्य र सुरक्षालगायतका आधारभूत सेवा प्रवाहलाई निरन्तरता दिन जनशक्ति, जनशक्तिलाई आवश्यक पर्ने स्वास्थ्य सामग्री, आवश्यक सुरक्षा प्रबन्ध र अनुकूल कार्य वातावरण बनाउन सम्बन्धित मन्त्रालयका सचिवले आवश्यक कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्य सञ्चालन गर्ने गराउने।

(४) कोभिड-१९ को सङ्क्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएकोले धार्मिकस्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिबिधि सञ्चालन नगर्ने नगराउने । चाडपर्वहरु आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।

(५) दैनिक उपभोग्य वस्तुलगायत पूर्वाधार निर्माणमा आवश्यक सामग्रीहरू आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ-संस्था, सामुदायिक संस्था र सहकारीहरूले अनिवार्य रूपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानिटाइजरजस्ता न्यूनतम स्वास्थ्य सुरक्षाका विधि अनिवार्य प्रयोग गर्ने। तोकिएका प्रवेश विन्दुमा मापदण्ड पालना भए नभएको जाँच गर्ने, पालना नभएमा तत्काल कारबाही गर्ने। जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरूको पालना गर्ने गराउने जिम्मेवारी विषयगत मन्त्रालयका सचिवको हुने, विषयगत मन्त्रालयका सचिवले मातहतको विभाग, कार्यालय र स्थानीय प्रशासनको समन्वयमा नियमित अनुगमन गर्ने, गराउने।

(६) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०४/०५ को निर्णयअनुसार २०७७ भदौ १ गतेदेखि सञ्चालन गर्ने गरी अनुमति प्रदान गरिएका छोटो, मध्यम र लामो दूरीमा अन्तरजिल्ला सञ्चालन हुने

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)
निर्देशक समिति

निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधनहरू, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यावसायिक उडानहरू, प्रशिक्षण खेलकुद, शैक्षिक तथा अन्य परीक्षा सञ्चालनजस्ता कार्यहरू आगामी भदौ १५ गतेसम्म स्थगन गर्ने। नेपाल सरकार, मन्त्रिपरिषद्को उल्लिखित निर्णयअनुसार साउन १५ गतेदेखि सञ्चालन अनुमति प्रदान गरिएका होटल/रेष्टुरेन्टबाट प्रदान गरिँदै आएका सेवाहरू मध्ये टेक अवे बाहेकका अन्य सेवाहरू बन्द गर्ने।

(७) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल, सैलुन, ब्युटीपार्लर तथा स्पा, स्वीमिङ्ग पुल, जिमखानालगायत हेल्थ क्लब, समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति, सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल, पुस्तकालय, सङ्ग्रहालय र चिडियाखाना हाल सञ्चालन निषेधकै अवस्थामा रहेको हुँदा सम्बन्धित मन्त्रालयबाट यसको नियमित अनुगमन गरी कडाइका साथ पालना गराउने एवं उल्लङ्घन गर्नेलाई प्रचलित कानुनबमोजिम कारवाही गर्ने।

(८) काठमाडौं उपत्यकाका तीनवटा जिल्लाभित्र आवतजावत गर्नेबाहेक कोभिड-१९ को सङ्क्रमणको सक्रिय केश दुई सयभन्दा बढी भएका जिल्लाबाट अन्य जिल्लामा DCCMC तथा स्थानीय प्रशासनको अनुमतिमा बाहेक अन्यलाई आवतजावतमा पूर्ण रूपमा बन्द गर्ने। अत्यावश्यक कार्यका लागि मात्र अनुमति प्रदान गर्ने। अनुमति प्रदान गर्दा प्रयोजनसमेत खुलाई यात्रा गर्ने व्यक्तिको नामसमेत समावेश गरी जारी गर्ने।

(९) फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भइरहेका तरकारी, फलफूल, खाद्यान्न, लत्ता कपडालगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी सङ्कलनजस्ता कार्य जथाभावी रूपमा सञ्चालन हुँदा भीडभाड बढ्ने र कोभिड-१९ को सङ्क्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई सम्बन्धित स्थानीय प्रशासन/स्थानीय तहले निषेध गर्ने।

(१०) उद्योग, कलकारखानालगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिकलगायतका जनशक्तिलाई अनिवार्य रूपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसर भित्रै सुरक्षित रूपमा खाने बस्ने व्यवस्था गर्ने। हाललाई अन्यत्र स्थानबाट कामदारहरू नल्याउने। कोभिड-१९ को सङ्क्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसनलगायतका पूर्वाधारको प्रबन्धसमेत गर्ने।

(११) नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णयानुसार अनुमति भएका व्यक्तिहरूलाई नेपाली कूटनीतिक नियोगको सिफारिसमा ३०० (तीन सय) जना र वैदेशिक रोजगार कल्याणकारी कोषबाट खर्च ब्यहोर्ने गरी उद्धार गरिने २०० जना नेपाली नागरिकसमेत दैनिक कुल ५०० (पाँच सयजना) को सङ्ख्यामा नबढ्ने गरी उडान अनुमति दिने। यस्ता उडानबाट आउने व्यक्तिहरूलाई काठमाडौं उपत्यकामा नै तोकिएका स्थानमा क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाई सङ्क्रमणमुक्त भएको यकिन भएपछि मात्र सम्बन्धित गन्तव्यमा पठाउने व्यवस्था गर्ने। यसरी आउने व्यक्तिहरूलाई आवश्यक क्वारेन्टाइनको

ना. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)
निर्देशक समिति

व्यवस्थापन काठमाडौं उपत्यकाका स्थानीय तहको समन्वयमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका DCCMC ले गर्ने। यसरी आउने यात्रुको ५ देखि ७ दिनभित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले RT-PCR परीक्षण गर्ने व्यवस्था मिलाउने।

(१२) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/१२ को निर्णयअनुसार स्वीकृत "कोभिड-१९ को विश्वव्यापी क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७" को दफा २ मा भारतबाट स्थलमार्ग हुँदै आउने नेपालीहरूको लागि तोकिएका प्रवेश विन्दुहरू मध्ये गौरीफण्टा (कैलाली), जमुनाह (बाँके), बेलहिया (रूपन्देही), काकडभिट्टा (झापा), गड्डाचौकी (कञ्चनपुर), कृष्णनगर (कपिलवस्तु), रानी (मोरङ्ग), माडर (सिराहा), ठाडी (सिराहा), गौर (रौतहट), वीरगञ्ज (पर्सा) गरी १० (दश) वटा प्रवेश विन्दु (नाका) मात्र कायम गर्ने। यी प्रवेश विन्दु बाहेकका अन्य नाकाहरूबाट हुने आवागमनलाई बन्द गर्ने। तोकिएका विन्दुहरूबाट प्रवेश गर्नेहरूको अभिलेख राख्ने। प्रवेश विन्दु रहेकै जिल्लामा सम्बन्धित प्रदेश सरकारको समन्वय र नेपाली सेनाको सहयोगमा सम्बन्धित DCCMC ले आवश्यक बेड सङ्ख्याका क्वारेन्टिनको व्यवस्था गर्ने।

(१३) भारततर्फको सीमावर्ती क्षेत्रमा रहेका वस्ती एवं बजारमा कोभिड-१९ को सङ्क्रमण फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै नेपाल-भारत सीमाबाट नेपाल प्रवेश गर्न तोकिएका उल्लिखित निश्चित प्रवेश विन्दुहरू (नाका) बाहेक अन्यत्र कुनै पनि स्थानबाट दैनिक रूपमा किनमेलका लागि आवतजावत गर्न, उद्योगका लागि कुनैपनि प्रकारको जनशक्ति/कामदार ल्याउन एवं नेपाल सरकारको मिति २०७७/०२/३० को आदेशको प्रतिकूल हुने गरी हुने कुनै पनि प्रकारको आवतजावत हुन नदिने व्यवस्था सम्बन्धित DCCMC ले मिलाउने।

(१४) कोभिड-१९ को सङ्क्रमणको दर वृद्धि भइरहेको सन्दर्भमा संक्रमितहरूको विश्लेषण गरी लक्षण नदेखिएका संक्रमितहरूलाई राख्न आवश्यक बेड सङ्ख्याका आइसोलेसन सेन्टर तयार गर्ने। सङ्क्रमणको दर बढिरहेको स्थानमा रहेका अस्पतालको हालको क्षमता अध्ययन गरी लक्षण भएका सङ्क्रमितहरूलाई उपचार गर्ने प्रयोजनको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्रोतसाधनको आवश्यक प्रबन्धसहित निजी अस्पताल तथा शिक्षण अस्पतालहरूलाई प्रयोग गर्नसक्ने गरी वैकल्पिक व्यवस्था मिलाउने।

(१५) हाल सङ्क्रमणको दर बढेका, सङ्क्रमणको उच्च जोखिममा रहेका एवं आवश्यक मात्रामा स्वास्थ्यकर्मीको अभाव देखिएका स्थानहरूमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट तत्काल आवश्यक जनशक्ति खटाइ स्वास्थ्य सेवालाई सुदृढ र प्रभावकारी गराउने।

(१६) उल्लेखित कार्यको नियमित अनुगमन सम्बन्धित मन्त्रालय, विभाग र निकायले DCCMC तथा स्थानीय प्रशासनको समन्वयमा गर्ने र उल्लङ्घन भएको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारवाही गर्ने।

२०७७/४/२५

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)
निर्देशक समिति